सिस्ने गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

## रुकुमकोट, रुकुम (पूर्व)

## लुम्बिनी प्रदेश, नेपाल

Google Plus Code: JJ8H+R22,

**नगर प्रहरी सहायक निरीक्षक र नगर प्रहरी जवान पदको पाठ्यक्रम**

**परीक्षाको किसिमः**

| क्र.स. | चरण | विवरण | पूर्णाङ्क | उत्तिर्णाङ्क |
|---|---|---|---|---|
| १ | प्रथम चरण | प्रारम्भिक स्वास्थ्य परीक्षण परीक्षा | - | - |
| | | शारीरिक तन्दुश्रस्ती परीक्षण परीक्षा | ५० | २० |
| २ | दोस्रो चरण | सामान्य स्वास्थ्य परीक्षण परीक्षा | - | - |
| ३ | तेस्रो चरण | लिखित परीक्षा | ५० | २० |
| ४ | चौथो चरण | अन्तरवार्ता | २० | - |

**१. प्रथम चरणः**

**क. प्रारम्भिक स्वास्थ्य परीक्षण परीक्षा**

**प्रारम्भिक स्वास्थ्य परीक्षण परीक्षामा अयोग्य हुने अवस्थाहरु**

१. अंगभंग देखिने,

२. हात खुट्टा बाङ्गो-टिङ्गो र औंलाहरु ठिक नभएको,

३. घुडा Knee lock भएको अथवा Rickets भई फाटिएको (K2 र K2 भन्दा माथिको),

४. धेरै चेप्टो पैतला भएको (भालु पाईले),

५. प्रष्ट बोली नभएको/भकभके,

६. लठ्यौरो,

७. ढाड कुप्रो भएको,

८. शरीर पुरा झुकाउन नसक्ने,

९. जिउ कोल्टे परेको (बाङ्गो शरीर भएको),

१०. दुबी भएको,

११. कपाल झरेको, फुलेको वा रंगाएको,

१२. लुरे (उचाई अनुसार अत्याधिक दुब्लो),

१३. आखा डेढो भएको,

१४. कुनै एक आखा चिम्लन नसक्ने,

१५. उचाई अनुसार हुनु पर्ने तौल भन्दा अत्याधिक बढी तौल भएको,

१६. शरीर मोटो तर हातखुट्टा झिनो देखिने,

१७. अनुहारमा अस्वभाविक दाग देखिने,

१८. शरीरको बाहिर देखिने भागमा ट्याटु मार्क बनाएको,

१९. २ वटा भन्दा बढी दाँत किराले खाएको वा झरेको भेरिकोच वा नशा फुल्ने भएको ।

**ख. शारीरिक तन्दुरुस्ती परीक्षा**

| **ईन्भेन्टस्को नाम** | **पूर्णाङ्क** | **उत्तीर्णाङ्क** | **उचतम तथा न्यूनतम समय सिमा** | | | |
|---|---|---|---|---|---|---|
| | | | **पुरुषको लागि** | | **महिलाको लागि** | |
| | | | **न्यूनतम** | **उच्चतम** | **न्यूनतम** | **उच्चतम** |
| २०० मि दौड | १० | ४ | ३० सेकेण्ड | ४५ सेकेण्ड | ४० सेकेण्ड | ५५ सेकेण्ड |
| ३ कि.मी. दौड | १५ | ६ | १२ मिनेट | १५ मिनेट | १५ मिनेट | २० मिनेट |
| लङ जम्प | ५ | २ | ९ फिट | १२ फिट | ७ फिट | १० फिट |
| हाई जम्प | ५ | २ | २.५ फिट | ४ फिट | २ फिट | ३.५ फिट |
| सिट अप | ५ | २ | ५ पटक | १५पटक | ३ पटक | १० पटक |
| पुस अप | ५ | २ | ५ पटक | १५ पटक | ३ पटक | १० पटक |
| चिन अप | ५ | २ | ४ पटक | १० पटक | १ पटक | ३ पटक |
| कुल जम्मा | ५० | २० | | | | |

**२. दोस्रो चरण**

**क. सामान्य स्वास्थ्य परीक्षणः**

नगर प्रहरी पदको लागि अपनाउनुपर्ने सामान्य सिद्धान्तको आधारमा सिस्ने गाउँपालिका अन्तर्गतका सरकारी स्वास्थ्य सस्थाबाट सामान्य स्वास्थ्य परीक्षण परीक्षा गराउनु पर्नेछ ।

**३. तेस्रो चरण**

क. लिखित परीक्षा योजना

| क्र.स. | विषय | पूर्णाङ्क | उत्तिर्णाङ्क | परीक्षा प्रणाली | प्रश्न संख्या | अंकभार | समय |
|---|---|---|---|---|---|---|---|
| १ | सामान्य ज्ञान | ५० | २० | बस्तुगतः बहुबैकल्पिक प्रश्न (MCQs) | ४०x१ | ४० | ४५ मिनेट |
| २ | बौद्धिक परीक्षण (आई.क्यू.) | | | | १०x१ | १० | |
| **जम्मा** | | **५०** | **२०** | | **५०** | **५०** | **४५ मिनेट** |

## लिखित परीक्षाको पाठ्यक्रम

पूर्णाङ्कः ५० उत्तीर्णाङ्कः २० समयः ४५ मिनेट

**विषयः सामान्य ज्ञान तथा बौद्धिक परिक्षण**

**क. सामान्य ज्ञान**

१. नेपालको ईतिहास, भुगोल, धर्म, जातजाति, संस्कृति र जनसंख्या सम्बन्धी ज्ञान,

२. नेपालको वर्तमान संविधान,

३. नेपाल प्रहरी र प्रहरीको दर्जानी चिन्ह सम्बन्धी ज्ञान,

४. स्थानीय सरकार संचालन ऐन, २०७४ सम्बन्धी ज्ञान,

५. सिस्ने गाउँपालिकाको नगर प्रहरी ऐन, २०८० तथा कार्यविधि, २०८१ सम्बन्धी सामान्य जानकारी,

६. महत्वपूर्ण समसामयिक राष्ट्रिय घटनाक्रमहरु ।

**ख.** बौद्धिक परीक्षण (आई.क्यू)

साधारण जोड घटाउ, गुणन, भाग लगायतका बौद्धिक परीक्षण ।

**४. चौथो चरण**

**क. अन्तर्वार्ता परीक्षा**